

# मानसिक स्वास्थ्य सेवाहरूको विकासक्रम बेलायतका भेटेरनका लागि

आफ्नो भनाइ राख्नुहोस् – सबै टिप्पणी र प्रतिक्रिया **31** मार्च **2016,** साँझ **5** बजेसम्ममा प्राप्त हुनुपर्छ।

टिप्पणीहरू र प्रतिक्रिया यस प्रकार पठाउनुपर्छ:

| | |
|---|---|
| पत्राचारका लागि**:** | Freepost VETERANS’ MENTAL HEALTH (भेटेरन मानसिक स्वास्थ्य)<br>कृपया यस नि:शुल्क पत्राचार ठेगानालाई खामको अगाडि भागमा लेख्नुहोस् र नि:शुल्क पत्राचार गर्नुहोस्। |
| इमेलका लागि**:** | feedback@nelcsu.nhs.uk |
| इन्टरनेटमा**:** | www.engage.england.nhs.uk/survey/veterans-mental-health-services |

## हामीलाई तपाईंका विचार र सुझावहरू किन चाहिन्छ

NHS ले विशेष गरी भेटेरनका लागि बेलायत भरी नै 12 वटा मानसिक स्वास्थ्य सेवाहरू प्रदान गर्छ।

तिनीहरूले मानसिक स्वास्थ्य आवश्यकताहरूसँगै भेटेरनका लागि स्याहार गर्न विशेषज्ञ कर्मचारीलाई सक्षम गर्छन्, तिनीहरूलाई अति उपयुक्त सेवा प्रदान गर्ने र प्रभावकारी उपचार प्रदान गर्ने गर्छन्।

यी सेवाहरू *Fighting Fit: a mental health plan for servicemen and veterans*[1], पूर्व सर्जन-कमाण्डर, Dr Andrew Murrison MP को रिपोर्टको प्रकाशन पश्चात् 2010 मा सुरु भएका हुन्।

जीवनसाथी, विधवा र बालबालिका सहित करिब **6.1** मिलियन पूर्व सेवा कर्मचारी बेलायतमा बस्ने अनुमान गरिएको छ। यी मध्ये, करिब **2.8** मिलियन भेटेरन छन्।

यी सेवाका धेरैजसो सम्झौताहरू सेप्टेम्बर 2016 मा समाप्त हुनेछन्। त्यसकारण यसले हामीलाई तपाईंले यिनीहरूको बारेमा के सोच्नुहुन्छ भनेर तपाईंलाई प्रश्न सोध्ने अवसर दिन्छ।

तपाईंले बताउनुभएका कुराले भेटेरनका लागि हाम्रो हालको मानसिक स्वास्थ्य सेवाहरूलाई दृढ बनाउन र हाम्रा भावी सेवाहरू विकासमा हामीलाई मद्दत मिल्नेछ।

हामी हाम्रा सेवाहरूलाई भेटेरनको सहज पहुँचमा पुऱ्याउन चाहन्छौं, तिनीहरूको अनुभवलाई राम्रो बनाउन, र तिनीहरूलाई उच्च गुणस्तर र संवेदनशील स्याहार, उपचार र सहायता प्रदान गर्न चाहन्छौं - तिनीहरूले सशस्त्र बल जहिले छोडेपनि।

त्यसैले NHS ले आफ्ना विचार राख्न चाहने कुनै पनि मानिसबाट तिनीहरूको विचार सुन्न चाहन्छ, र विशेष गरी:

- सशस्त्र बलमा सेवा गरेका (रिजर्भिस्ट वा भेटेरनको रूपमा) र NHS भेटेरन मानसिक स्वास्थ्य सेवाहरूको प्रयोग गरेका वा हालै प्रयोग गरिरहेका मानिस
- परिवार सदस्य र स्याहारकर्ताहरू
- भेटेरन तथा तिनीहरूको परिवारलाई मानसिक स्वास्थ्य स्याहार, उपचार र सहायता प्रदान गरिरहेका कर्मचारी तथा संगठनहरू।

हामी तपाईंको प्रयासलाई कदर गर्छौं र प्रश्नावली भरेर तपाईंका विचार र अनुभवहरू हामीलाई प्रदान गर्न तपाईंलाई प्रोत्साहन गर्छौं।

धन्यवाद



Kate Davies (केट डेभिस)

स्वास्थ्य तथा न्याय प्रमुख, सशस्त्र बल र तिनीहरूको परिवारहरू तथा सार्वजनिक स्वास्थ्य आयोग (Head of Health and Justice, Armed Forces and their Families and Public Health Commissioning)

---

[1] यस रिपोर्टलाई यहाँ हेर्न सकिन्छ: https://www.gov.uk/government/publications/fighting-fit-a-mental-health-plan-for-servicemen-and-veterans--2

## हामीले भेटेरनको मानसिक स्वास्थ्यमा किन ध्यान दिनुपर्छ

सेवारत कर्मचारी र हालैका भेटेरन बीचको मानसिक स्वास्थ्य समस्याहरू बेलायतको सामान्य जनसङ्ख्यासँग धेरै हदसम्म समान छ। यद्यपि, कार्य उमेरका भेटेरनले धेरैजसो रूपमा डिप्रेशनको रिपोर्ट गर्ने गरेका छन्। केहीलाई व्यग्रता र पोस्ट ट्रमाटिक स्ट्रेस डिसअर्डर (PTSD) पनि भएको छ जुन मदिरा वा लागूपदार्थको दुर्व्यसनीको कारण भएको हुनसक्छ।

**16** देखि **54** वर्ष उमेरका भेटेरनमा समान उमेरका सर्वसाधारणको तुलनामा डिप्रेशन र व्यग्रता जस्ता सामान्य मानसिक स्वास्थ्य समस्याहरू हुने सम्भावना धेरै छ।

स्रोत: *Mind* मा सम्पर्क गर्नुहोस्: उपचार फ्रेमवर्क, *Mind Trust* का बलहरू (*Forces in Mind Trust*) र *NHS England*, जुन *2015 को तर्फबाट कम्युनिटी इनोभेसन्स इन्टरप्राइज (Community Innovations Enterprise)*

कम्ब्याटको अनुभव भएका भेटेरनले **PTSD** को अनुभव हुने सम्भावना धेरै छ र उनीहरूले सेवाबाट अवकाश लिएको धेरै वर्ष पछि **PTSD** भएको केही मुद्दाहरूको बढ्दो प्रमाण फेला परेको छ।

स्रोत: *Mind* मा सम्पर्क गर्नुहोस्: उपचार फ्रेमवर्क, *Mind Trust* का *बलहरू (Forces in Mind Trust)* र *NHS England, जुन 2015 को तर्फबाट कम्युनिटी इनोभेसन्स इन्टरप्राइज (Community Innovations Enterprise)*

केही मानिसले सशस्त्र बलबाट अवकाश प्राप्त गरी आम नागरिक जीवन बिताइरहँदा यस्ता समस्याहरूको अनुभव गर्छन्। मानसिक स्वास्थ्य कठिनाईहरूको उच्च जोखिमका अन्य मानिसहरूमा रिजर्भिस्ट, कम्ब्याट ट्रूप, बाल्यकालमा समस्या भएका व्यक्तिहरू, र चाँडै सेवाबाट अवकाश लिएका व्यक्तिहरू (चार वर्षको सेवा समाप्ति अगाडि नै अवकाश लिएका) पर्छन्।

भेटेरनहरूले सेवाहरूबाट अवकाश लिएको लामो समयपछि पनि उनीहरू मानसिक स्वास्थ्य अवस्थाहरूको दायरामा परेको प्रमाणमा वृद्धि छ। यी अवस्थाहरू तिनीहरूको सैन्य अनुभवहरूसँग सम्बन्धित हुनसक्छन्।

केही भेटेरनहरू तिनीहरूको समस्यामा मद्दत प्राप्त गर्न वा तिनीहरू बारे कुरा गर्नबाट विन्मुख छन् जसको अर्थ तिनीहरूसँग सधैं स्याहार, सहायता र उपचारको पहुँच हुँदैन भन्ने हो। हामी यसको कारण बारेमा थप फेला पार्न चाहन्छौं। अन्यलाई सही मद्दत प्राप्त गर्न कठिनाईको सामना गर्नुपरेको हुनसक्छ किनकी, उदाहरणका लागि:

- तिनीहरूलाई लाग्दैन कि सामान्य नागरिकले सैन्य संस्कृतिलाई बुझ्दछन्
- तिनीहरूलाई मद्दत विकल्पहरू र सशस्त्र बल परोपकार, NHS वा स्थानीय प्राधिकृतद्वारा उपलब्ध सेवाहरू बारे थाहा हुँदैन
- तिनीहरूले यसलाई 'कमजोरी' को रूपमा लिने हुनाले यसलाई स्वीकार गर्दैनन् वा तिनीहरूको सहायता आवश्यकतालाई स्वीकार गर्दैनन्।

## हामी कसको विचार सुन्न चाहन्छौं?

NHS भेटेरन्स मेन्टल हेल्थ सर्भिसेसमा आफ्ना विचारहरू राख्न चाहने जोकोहीका विचारलाई हामी स्वागत गर्छौं। विशेष गरी, हामी निम्न व्यक्तिका विचार सुन्न चाहन्छौं:

- सशस्त्र बलमा सेवा गरेका (रिजर्भिस्ट वा भेटेरनको रूपमा) र NHS भेटेरन मानसिक स्वास्थ्य सेवाहरूको प्रयोग गरेका वा हालै प्रयोग गरिरहेका मानिस
- परिवार सदस्य र स्याहारकर्ताहरू
- भेटेरन तथा तिनीहरूको परिवारलाई मानसिक स्वास्थ्य स्याहार, उपचार र सहायता प्रदान गरिरहेका कर्मचारी तथा संगठनहरू।

हामी मानसिक स्वास्थ्य अवस्था वा मानसिक स्वास्थ्य कठिनाईहरू भएका भेटेरनहरू जसले सहायता र उपचार फेला पारेका वा प्राप्त गरेका छैनन् उनीहरूको पनि विचार सुन्न चाहन्छौं।

## हामी के सुन्न चाहन्छौं?
हामी NHS भेटेरन्स मेन्टल हेल्थ सर्भिसेसका तपाईंका विचार र अनुभवहरू बारेमा सुन्न चाहन्छौं। मानसिक स्वास्थ्य कठिनाईहरू भएका केही भेटेरनहरूले किन उपचार फेला पारेका छैनन् भन्ने बारेमा पनि हामी थप फेला पार्न चाहन्छौं।

## हामीले कुन समयावधिको बारेमा सोधिरहेका छौं?
हाम्रा धेरैजसो प्रश्नावली अगष्ट **2010** देखि हालको दिनसम्मका NHS भेटेरन्स मेन्टल हेल्थ सर्भिसेस बारेमा छन्। यद्यपि, यदि तपाईं अगष्ट **2010** अगाडिको भेटेरनहरूका लागि NHS मानसिक स्वास्थ्य सेवाहरूको तपाईंको अनुभव बारेमा प्रतिक्रिया दिन चाहनुहुन्छ भने, यो हाम्रा लागि अत्यन्तै सहयोगी हुनेछ।

## हामी तपाईंलाई के गराउन चाहन्छौं?
हामी तपाईंले आफ्ना विचार र अनुभवहरूलाई यस प्रश्नावलीमा भरेर साझा गर्नुहोस् भन्ने चाहन्छौं। यसले NHS सेवाहरूलाई विकास गर्न मद्दत गर्नेछ जसले मानसिक स्वास्थ्य कठिनाईहरूको समाधान गर्न भेटेरनहरूलाई सहायता गर्नेछ।

## समयावधि के हो?
हामीले यो सञ्चालन 25 जनवरी 2016 देखि 31 मार्च 2016 सम्म चालू गर्नेछौं।

## यसले कुन **NHS** सेवाहरू समावेश गर्छ?
प्रश्नावली बेलायका भेटेरनका लागि मात्र **NHS** ले प्रदान गरेका मानसिक स्वास्थ्य सेवाहरू बारेमा हो।

*Fighting Fit – a mental health plan for servicemen and veterans* को प्रकाशनपछि, NHS ले मानसिक स्वास्थ्य आवश्यकताहरू भएका भेटेरनका लागि विशेषज्ञ मेडिकल स्टाफको यसको प्रावधानलाई वृद्धि गर्न बेलायत भरी नै 12 वटा समर्पित सेवाहरू निर्माण गरेको छ।

हामीले विशेष गरी यी सेवाहरू बारेमा तपाईंका विचार सुन्न चाहन्छौं जसले मानिसहरूले अनुभव गरिरहेका कठिनाईहरूको मूल्यांकनदेखि भेटेरनलाई मद्दत गर्न सक्ने सहायता वा उपचारको सिफारिशसम्म भेटेरनहरूका लागि सहायता सेवाहरूको दायरा प्रदान गर्छ।

हामीले सुन्न चाहेका सेवाहरूको सूची यहाँ छ:

| नर्थ |
|---|
| Military Veterans' Service (मिलिटरी भेटेरन्स सर्भिस) (Cheshire and Merseyside (चेसाइर र मर्सीसाइड), लिभ्रपुल* बाहेक)<br>ग्रेटर म्यानचेस्टर वेस्ट मेन्टल हेल्थ NHS फाउण्डेशन ट्रस्ट (Greater Manchester West Mental Health NHS Foundation Trust) द्वारा डेलिभर गरिएको। |
| मिलिटरी भेटेरन्स सर्भिस (ग्रेटर म्यानचेस्टर र ल्यान्कासाइर) ग्रेटर म्यानचेस्टरमा पेन्नी केयर NHS फाउण्डेशन ट्रस्ट (Pennine Care NHS Foundation Trust), र ल्यान्कासाइरको ल्यान्कासाइर केयर NHS फाउण्डेशन ट्रस्ट (Lancashire Care NHS Foundation Trust) को साझेदारीमा डेलिभर गरिएको। |
| Veterans' Outreach Service (भेटेरन्स आउटरिच सर्भिस) (योर्कसाइर र हम्बर)<br>हम्बर NHS फाउण्डेशन ट्रस्ट (Humber NHS Foundation Trust) द्वारा डेलिभर गरिएको। |
| भेटेरन्स वेलबिइङ एसेसमेन्ट एण्ड लायसन सर्भिस (नर्थ इस्ट) (Veterans' Wellbeing Assessment and Liaison Service (North East))<br>नर्थम्बरल्याण्ड, टाइन एण्ड वेयर NHS फाउण्डेशन ट्रस्ट (Northumberland, Tyne and Wear NHS Foundation Trust) र टिज, इस्क एण्ड वेयर भ्यालीज NHS फाउण्डेशन ट्रस्ट (Tees, Esk and Wear Valleys NHS Foundation Trust) द्वारा डेलिभर गरिएको। |
| मिडल्याण्ड |
| Veterans First (भेटेरन्स फर्स्ट) (Essex)<br>नर्थ एसेक्स पार्टनरशिप यूनिभर्सिटी NHS फाउण्डेशन ट्रस्ट (North Essex Partnership University NHS Foundation Trust) को अंश। |
| भेटेरन्स मेन्टल हेल्थ सर्भिसेस (इस्ट मिडल्याण्ड) (Veterans' Mental Health Services (East Midlands))<br>लिङ्कनसाइर पार्टनरशिप NHS फाउण्डेशन ट्रस्ट (Lincolnshire Partnership NHS Foundation Trust) को नेतृत्वमा। |
| वेस्ट मिडल्याण्ड्स मिलिटरी भेटेरन्स हब (West Midlands Military Veterans' Hub)<br>साउथ स्ट्याफोर्डसाइर एण्ड स्रोपसाइर NHS फाउण्डेशन ट्रस्ट (South Staffordshire and Shropshire NHS Foundation Trust) को अंश। |
| साउथ |
| लण्डन भेटेरन्स भेटेरन्स सर्भिस (London Veterans' Service)<br>कामडेन एण्ड इसलिङ्टन NHS फाउण्डेशन ट्रस्ट (Camden and Islington NHS Foundation Trust) र साउथ लण्डन मौडसली NHS फाउण्डेशन ट्रस्ट (South London and Maudsley NHS Foundation Trust) द्वारा डेलिभर गरिएको। |
| साउथ सेन्ट्ल भेटेरन्स मेन्टल हेल्थ सर्भिस (South Central Veterans' Mental Health Service)<br>बर्कसाइर हेल्थकेयर NHS फाउण्डेशन ट्रस्ट (Berkshire Healthcare NHS Foundation Trust) द्वारा डेलिभर गरिएको। |
| साउथ वेस्ट भेटेरन्स मेन्टल हेल्थ सर्भिस (South West Veterans' Mental Health Service)<br>एभन एण्ड विल्टसाइर मेन्टल हेल्थ पार्टनरशिप NHS ट्रस्ट (Avon and Wiltshire Mental Health Partnership NHS Trust) द्वारा डेलिभर गरिएको। |
| सर्रे इङगेजमेन्ट: रिजर्भिस्ट एण्ड भेटेरन्स इमोसनल सपोर्ट (Surrey Engagement: Reservists and Veterans Emotional Support (SERVES)) फर्स्ट स्टेप्स सर्रे (First Steps Surrey) द्वारा डेलिभर गरिएको। |
| ससेक्स आर्मड फोर्सेस नेटवर्क (Sussex Armed Forces Network)<br>ससेक्स CCGs एण्ड ससेक्स पार्टनरशिप NHS फाउण्डेशन ट्रस्ट (Sussex CCGs and Sussex Partnership NHS Foundation Trust) को नेतृत्व। |

माथिका केही अन्य संगठनहरूसँगको साझेदारीमा डेलिभर हुन्छन्, जस्तै सेवा परोपकारहरू।

## प्रश्न तथा जवाफहरू

**NHS** ले के गर्ने प्रयास गर्दैछ**?**
NHS ले भेटेरनहरू र तिनीहरूका परिवार, NHS का चिकित्सक तथा स्टाफहरू, चिकित्सा प्रवर्तन समूहहरू (CCGs), परोपकारहरू, सेवा संगठनहरू, बिरामी समूह र अन्य मुख्य समूहहरूलाई सामेल गरी विद्यमान NHS भेटेरन्स मानसिक स्वास्थ्य सेवाहरूमा उनीहरूको विचार र अनुभव बारे सोधिरहेको छ।

यस संलग्नता कसले प्रमाणित **(**अनुरोध**)** गरेको हो**?**
NHS England

**NHS** ले यो किन गरिरहेको छ**?**
हामीले भेटेरनको भावी मानसिक स्वास्थ्य सेवाहरू विकासमा हामीलाई मद्दत पुग्ने हेतुले यो सबै गरिरहेका हौं। हामी यी सेवाहरूलाई सहज पहुँचमा पुऱ्याउन चाहन्छौं, भेटेरनका अनुभवलाई राम्रो बनाउन, र तिनीहरूलाई उच्च गुणस्तर र संवेदनशील स्याहार, उपचार र सहायता प्रदान गर्न चाहन्छौं - तिनीहरूले सशस्त्र बल जहिले छोडेपनि।
हामी भेटेरन्स मानसिक स्वास्थ्य सेवाहरू प्रयोग गरेका मानिसलाई उनीहरूले प्राप्त गरेका स्याहार र उपचार बारेमा के राम्रो छ, र के कुरामा सुधार गर्न सकिन्छ भनी हामीलाई बताउन अवसर प्रदान गर्न चाहन्छौं।
हामी यी सेवाहरू प्रदान गर्ने मानिस र संगठनहरूका सोच र अनुभव पनि सुन्न चाहन्छौं।

**NHS** ले के गरेको छैन**?**
NHS ले भेटेरन्स मानसिक स्वास्थ्य सेवाहरूको अनुदानलाई कम गरेको छैन।

बिरामी र अन्य सेवा प्रयोगकर्ताहरूलाई कसरी लाभ हुनेछ**?**
तपाईंका विचारले भावी NHS भेटेरन्स मेन्टल हेल्थ सर्भिसेसले हालका सेवाहरूको क्षमता दृढ बनाउन र भेटेरन्सका लागि सही स्याहार, उपचार र सहायतामा राम्रो पहुँच प्रदानमा सुनिश्चित हुन हामीलाई मद्दत गर्नेछ।

यसले हाम्रा हालका सेवाहरूमा कार्यरत कर्मचारीमा कस्तो प्रभाव पार्नेछ**?**
हामीले भावी प्रवर्तन प्रक्रियाको भागको रूपमा स्टाफमा पर्न जाने कुनै पनि सम्भाव्य प्रभावलाई पहिचान गर्नेछौं। हामीले स्टाफलाई यस प्रक्रिया अवधि भरी नै सूचना दिनेछौं।

नयाँ सेवाहरू कहिलेबाट सुरु हुनेछ**?**
हामीले नयाँ सेवाहरू 2016 को शरद ऋतुसम्ममा सुरु गर्ने आशा गरेका छौं।

## कृपया तपाईंका टिप्पणी र प्रतिक्रियाहरू पठाउनुहोस्:

तपाईंले हाम्रो प्रश्नावली भरेर यसलाई तल देखाए अनुसार हामीलाई फिर्ता पठाउनुहोस्।

यदि तपाईं प्रश्नावली भर्न चाहनुहुन्न, तर पनि हामीलाई आफ्ना विचार प्रदान गर्न चाहनुहुन्छ भने, तपाईंले तल देखाए अनुसार हामीलाई पत्राचार गर्न वा फोन गर्न सक्नुहुन्छ।

| | |
|---|---|
| पत्राचारका लागि: | Freepost VETERANS' MENTAL HEALTH (भेटेरन मानसिक स्वास्थ्य)<br>कृपया यस नि:शुल्क पत्राचार ठेगानालाई खामको अगाडि भागमा लेख्नुहोस् र नि:शुल्क पत्राचार गर्नुहोस्। |
| इमेलका लागि: | feedback@nelcsu.nhs.uk |
| इन्टरनेटमा: | www.engage.england.nhs.uk/survey/veterans-mental-health-services |
| फोन: | 020 3688 1615 |

यदि तपाईं यस संलग्नता अभ्यास बारेमा थप जान्न चाहनुहुन्छ भने, कृपया हाम्रो वेबसाइटमा हेर्नुहोस्: www.engage.england.nhs.uk/survey/veterans-mental-health-services

# प्रश्नावली

- हामी भेटेरन्सका NHS मानसिक स्वास्थ्य सेवाहरू सम्बन्धी तपाईंका विचार र अनुभवहरूलाई वास्तवमै कदर गर्छौं। तपाईंले हामीलाई बताउनुभएका तपाईंका विचारले भेटेरन्सका आवश्यकताहरूलाई राम्रोसँग पूरा गर्ने मानसिक स्वास्थ्य सेवाहरूको योजना तथा खरिद (साथै 'प्रवर्तन' को रूपमा चिनिने) मा NHS लाई मद्दत गर्नेछ।

- हाम्रा धेरैजसो प्रश्नहरू अगष्ट **2010** देखि हालको दिनसम्मका NHS भेटेरन्स मेन्टल हेल्थ सर्भिसेस बारेमा छन्। यो यसकारण कि रिपोर्ट, *Fighting Fit: a mental health plan for servicemen and veterans* को प्रकाशनपछि हामीले 2010 मा स्थापना गरेका 12 वटा समर्पित सेवाहरू बारेमा तपाईंको विचार चाहन्छौं[2]। हामीले भेटेरन्सलाई कहाँ अतिरिक्त सहायता प्रदान गर्न आवश्यक थियो भनी रिपोर्टले पहिचान गरेको थियो। यी सेवाहरू पृष्ठ 5 मा सूचीबद्ध गरिएको छ।

- यदि तपाईं अगष्ट **2010** अगाडिको भेटेरनहरूका लागि NHS मानसिक स्वास्थ्य सेवाहरूको तपाईंको अनुभव बारेमा प्रतिक्रिया दिन चाहनुहुन्छ भने, यो हाम्रा लागि अत्यन्तै सहयोगी हुनेछ। यसका लागि, कृपया पृष्ठ 10 र 11 को 'तपाईंको बारेमा' खण्ड भर्नुहोस्, त्यसपछि पृष्ठ 28 को खण्ड 3 मा रहेको टेक्स्ट बाकसमा जानुहोस्।

- यस प्रश्नावलीले बेलायतका NHS भेटेरन्स मेन्टल हेल्थ सर्भिसेसलाई मात्र समेट्छ।

- कृपया 'तपाईंको बारेमा' खण्ड सुरु गर्नुहोस्। तपाईंले आफूसँग सम्बन्धित खण्डको मात्र जवाफ दिनुपर्नेछ। यो पूरा करिब 10 मिनेट मात्र लाग्नेछ।

- तपाईंले सकाएपछि, कृपया तपाईंले सकाउनुभएका प्रश्नावलीका खण्डहरूलाई हामी समक्ष फिर्ता पठाउनुहोस्। कृपया हाम्रो ठेगाना **Freepost VETERANS' MENTAL HEALTH** लाई खामको अगाडि भागमा लेख्नुहोस् र नि:शुल्क पत्राचार गर्नुहोस्।

- तपाईंका जवाफहरू वास्तवमै हाम्रा लागि सहयोगी साबित हुनेछन्, र हामी तपाईंको समयको कदर गर्छौं।

## शब्दहरू 'भेटेरन' र 'रिजर्भिस्ट' का बारेमा

- हामीले एक दिन वा धेरैका लागि ब्रिटिश सशस्त्र बलको सेवा सदस्यको रूपमा काम गरेको जोकोही व्यक्तिलाई 'भेटेरन' प्रयोग गरेका छौं। यसको अर्थ 'पूर्व सेवा कर्मचारी' को समान हुन्छ। संगतिका लागि, हामीले प्रश्नावलीमा 'भेटेरन' मात्र प्रयोग गरेका छौं।

- प्रश्नावलीको प्रयोजनका लागि, हामीले 'भेटेरन' भन्दा वा हामीले सशस्त्र बलका अनुभवहरू बारेमा कुरा गर्दा, यसले रिजर्भिस्टका साथै नियमितलाई पनि समावेश गर्छ।

## गोपनीयता

- सबै प्रतिक्रियाहरूलाई NEL प्रवर्तन सहायता यूनिट (NEL Commissioning Support Unit) नामक NHS संगठनद्वारा विश्लेषण गरिनेछ, र पूर्ण गोपनीयको व्यवस्थापनमा संचालन हुनेछ।
    - व्यक्तिगत प्रतिक्रियाहरू NHS England मा उपलब्ध हुनेछन् तर तपाईंका नाम र कुनै पनि पहिचानयोग्य डाटालाई हटाइनेछ। तपाईंलाई आफ्नो नाम दिन मन छैन भने नदिनुहोस्; हामी तपाईंका विचारलाई स्वागत गर्नेछौं। कुनै पनि रिपोर्टमा व्यक्तिगत नामहरू वा पहिचानयोग्य डाटा साझा वा प्रस्तुत गरिनेछैन। हामीले

[2] यस रिपोर्टलाई यहाँ हेर्न सकिन्छ: https://www.gov.uk/government/publications/fighting-fit-a-mental-health-plan-for-servicemen-and-veterans--2

संलग्नता बारे हाम्रो अन्तिम रिपोर्टमा प्रतिक्रियाहरूमा आएका उद्धरण प्रयोग गर्न सक्नेछौं, तर हामीले तिनीहरूको नाम बेनाम राख्नेछौं।

- संगठनको तर्फबाट आएका प्रतिक्रियाहरू NHS England मा पनि उपलब्ध हुनेछन्। तिनीहरूलाई सर्वसाधारणका लागि उपलब्ध गराउन सकिनेछ। संगठनको तर्फबाट आएका प्रतिक्रियाहरूमा कुनै पनि गोप्य वा संवेदनशील डाटा समावेश गर्नुहुँदैन।

- उपलब्ध गराइएका प्रतिक्रियाहरू रिपोर्ट बनाउन प्रयोग गरिनेछन् जसमा NHS भेटेरन्स मेन्टल हेल्थ सर्भिसेस सम्बन्धमा मानिसका विचार र अनुभवहरूको सारांश हुन्छ।

## तपाईंको बारेमा

तलका प्रत्येक प्रश्नका लागि, कृपया बाकस वा बाकसहरूमा ✓ राख्नुहोस्, वा अनुरोध गरिएको जानकारी प्रदान गर्नुहोस्।

यसले हामीलाई तपाईंको बारेमा केही बताउँछ र भर्नका लागि तपाईंलाई सही खण्डमा निर्देशित गर्छ।

**1.** मेरो नाम: ☐

तपाईंलाई आफ्नो नाम दिन मन छैन भने नदिनुहोस्। हामी तपाईंको विचारलाई स्वागत गर्छौं।

**2.** मैले यस व्यक्तिको तर्फबाट प्रतिक्रिया दिंदै छु: (कृपया एउटा बाकसमा मात्र चिन्ह लगाउनुहोस्)

- ☐ म
- ☐ मेरो संगठन
  नोट: संगठनहरूको तर्फबाट आएका प्रतिक्रियाहरूलाई सर्वसाधारणका लागि उपलब्ध गराउन सकिनेछ
- ☐ अन्य (कृपया उल्लेख गर्नुहोस्) ☐

**3.** मेरो हालको वा पहिलेको ब्रिटिश सशस्त्र बलको अनुभव, वा प्रतिनिधित्व गरी मैले प्रतिक्रिया जनाइरहेको उक्त व्यक्ति, यससँग सम्बन्धित छ: (कृपया लागू हुने सबै बाकसमा चिन्ह लगाउनुहोस्)

- ☐ रोयल नेभी (Royal Navy)
- ☐ आर्मी (Army)
- ☐ रोयल एयर फोर्स (Royal Air Force)
- ☐ ममा लागू हुँदैन
- ☐ अन्य (कृपया उल्लेख गर्नुहोस्) ☐

**4.** मेरो पोस्टकोडको पहिलो अंश:

☐

यसले हामीलाई हामीले राष्ट्रका कुन ठाउँहरूबाट प्रतिक्रियाहरू पाइराखेका छौं भनी हेर्न मद्दत गर्छ। हामीले यसलाई तपाईं कहाँ बस्नुहुन्छ भनी पत्ता लगाउन प्रयोग गर्नेछैनौं।

**5.** तपाईं यस सञ्चालन बारेमा नवीनतम जानकारी थाहा पाउन चाहनुहुन्छ?

☐ चाहन्छु
☐ चाहन्न

यदि चाहनुहुन्छ भने, कृपया तपाईंको इमेल वा हुलाक ठेगाना दिनुहोस्। (यिनीहरूलाई तपाईंलाई यस सञ्चालन बारेमा नवीनतम जानकारी प्रदान गर्न मात्र प्रयोग गरिनेछ र अन्य कुनै प्रयोजनका लागि होइन।)

**6.** तपाईं आफ्नो स्वास्थ्य सम्बन्धी जानकारी कहाँ प्राप्त गर्न चाहनुहुन्छ? (कृपया तपाईंका शीर्ष तीनमा चिन्ह लगाउनुहोस्)

☐ GP
☐ अस्पताल
☐ इन्टरनेट
☐ सशस्त्र बल परोपकार
☐ परिवार
☐ साथीहरू

☐ अन्य (कृपया उल्लेख गर्नुहोस्)

**7.** मलाई वा मेरो संगठनलाई उत्कृष्ट रूपमा वर्णन गर्ने विकल्प: (कृपया एउटा बाकसमा मात्र चिन्ह लगाउनुहोस्)

☐ मानसिक स्वास्थ्य अवस्था भएको, वा पहिले नै भएको भेटेरन (कृपया पृष्ठ 12 को खण्ड 1 मा जानुहोस्)।

☐ मानसिक स्वास्थ्य अवस्था भएका, वा पहिले नै भएका भेटेरनका साझेदार / जीवनसाथी, परिवार सदस्य, स्याहारकर्ता, साथी वा अधिवक्ता (कृपया पृष्ठ 21 को खण्ड 2 मा जानुहोस्)।

# खण्ड 1

यदि तपाईं भेटेरन हुनुहुन्छ र:

- तपाईंले आफूलाई मानसिक स्वास्थ्य अवस्था छ भन्ने विश्वास गर्नुहुन्छ तर उपचार गर्नुभएको थिएन भने, कृपया तलको भाग **A** मा जानुहोस्
- तपाईंले हाल मानसिक स्वास्थ्य सेवाहरू प्रयोग गरिरहनुभएको छ वा अगष्ट **2010** देखि केही समयका लागि तिनीहरूको प्रयोग गर्नुभएको थियो भने, कृपया पृष्ठ 15 मा भाग **B** मा जानुहोस्।

## भाग A

यदि तपाईं भेटेरन हुनुहुन्छ र तपाईंले आफूलाई मानसिक स्वास्थ्य अवस्था छ भन्ने विश्वास गर्नुहुन्छ तर उपचार गर्नुभएको थिएन भने, यसको कारण हामी फेला पार्न चाहन्छौं।

तलका प्रत्येक कथनका लागि, कृपया एउटा बाकसमा मात्र ✓ लगाउनुहोस् र, यदि तपाईं सक्नुहुन्छ भने, यसको कारण दिनुहोस्।

1. भेटेरनका लागि विशेष रूपमा NHS मानसिक स्वास्थ्य सेवाहरू थिए भन्ने मलाई थाहा थिएन

☐ सहमत
☐ असहमत
☐ तटस्थ

यदि तपाईं आफ्नो जवाफ बारेमा हामीलाई थप बताउन चाहनुहुन्छ भने, कृपया यसप्रकार गर्नुहोस्:

| |
|---|
| |

2. मैले कस्ता NHS भेटेरन्स मानसिक स्वास्थ्य सेवाहरू उपलब्ध थिए भनेर पर्याप्त जानकारी फेला पार्न सकिन

☐ सहमत
☐ असहमत
☐ तटस्थ
☐ थाहा छैन

यदि तपाईं आफ्नो जवाफ बारेमा हामीलाई थप बताउन चाहनुहुन्छ भने, कृपया यसप्रकार गर्नुहोस्:

| |
|---|
| |

3. मेरो GP लाई कस्ता NHS भेटेरन्स मानसिक स्वास्थ्य सेवाहरू उपलब्ध थिए भनेर पर्याप्त जानकारी थाहा थिएन

- ☐ सहमत
- ☐ असहमत
- ☐ तटस्थ
- ☐ थाहा छैन

यदि तपाईं आफ्नो जवाफ बारेमा हामीलाई थप बताउन चाहनुहुन्छ भने, कृपया यसप्रकार गर्नुहोस्:

4. मलाई मेरो मानसिक स्वास्थ्य अवस्थाका लागि मद्दत अनुरोध गर्न गाह्रो भएको छ

- ☐ सहमत
- ☐ असहमत
- ☐ तटस्थ
- ☐ थाहा छैन

यदि तपाईं आफ्नो जवाफ बारेमा हामीलाई थप बताउन चाहनुहुन्छ भने, कृपया यसप्रकार गर्नुहोस्:

5. मलाई लाग्दैन कि कसैले पनि मेरो सशस्त्र बलको अनुभवहरू बुझ्दछन्

- ☐ सहमत
- ☐ असहमत
- ☐ तटस्थ
- ☐ थाहा छैन

यदि तपाईं आफ्नो जवाफ बारेमा हामीलाई थप बताउन चाहनुहुन्छ भने, कृपया यसप्रकार गर्नुहोस्:

6. यदि तपाईंका विचार माथिका कथनहरूमा समेटिएका छैनन्, वा तपाईं अरू नै केही थप्न चाहनुहुन्छ भने, कृपया यहाँ थप्नुहोस्:

कृपया अब यस कागजातको अन्तिममा पृष्ठ 29 र 30 मा जाँच प्रश्नहरू पूरा गर्नुहोस्। तपाईंको समयको लागि धन्यवाद।

## भाग B

तपाईं हाल मानसिक स्वास्थ्य सेवाहरू प्रयोग गरिरहनुभएको, वा अगष्ट **2010** देखि केही समय यसको प्रयोग गर्नुभएको भेटेरन हुनाले, हामी तपाईंसँग केही प्रश्नहरू सोध्न चाहन्छौं।
यदि तपाईं अगष्ट **2010** अगाडिको भेटेरनहरूको NHS मानसिक स्वास्थ्य सेवाहरूमा आफ्ना अनुभव बारे टिप्पणी गर्न चाहनुहुन्छ भने, तपाईं खण्ड 3 को टेक्स्ट बाकसमा जान सक्नुहुन्छ।

तलका प्रत्येक प्रश्नका लागि, कृपया बाकस / बाकसहरूमा ✓ लगाउनुहोस् र, यदि तपाईं सक्नुहुन्छ भने, यसको कारण दिनुहोस्।

1. तपाईंले हाल कुन प्रकारको मानसिक स्वास्थ्य सेवाहरू प्रयोग गरिरहनुभएको छ वा अगष्ट 2010 देखि प्रयोग गर्नुभएको थियो?
   कृपया तपाईंले धेरै प्रयोग गर्नुभएको एउटामा चिन्ह लगाउनुहोस्:

☐ NHS भेटेरन्स मानसिक स्वास्थ्य सेवाहरू (यी सेवाहरू विशेष गरी भेटेरन्सका लागि भएका मानसिक स्वास्थ्य सेवाहरू हुन्)

☐ NHS मेनस्ट्रिम मानसिक स्वास्थ्य सेवाहरू (यी जोकोहीले पनि प्रयोग गर्न सक्ने मानसिक स्वास्थ्य सेवाहरू हुन्, भेटेरन्सका लागि मात्र होइन)

☐ अन्य (उदाहरणका लागि, परोपकारद्वारा उपलब्ध गराइएका सेवाहरू)

☐ थाहा छैन

कृपया तपाईंले प्रयोग गर्नुभएका वा हालै प्रयोग गरिरहनुभएका सेवाहरू बारेमा विस्तृत विवरणहरू दिनुहोस्:

यदि तपाईंले 'अन्य' मा चिन्ह लगाउनुभएको छैन भने मात्र, कृपया अब यस खण्डका बाँकी प्रश्नहरूको जवाफ दिनुहोस्।

यदि तपाईंले 'अन्य' मा चिन्ह लगाउनुभएको छ भने तपाईंले यस खण्डका अन्य प्रश्नहरूको जवाफ दिनुपर्दैन। कृपया अब यस प्रश्नावलीको अन्तिममा पृष्ठ 29 र 30 मा जाँच प्रश्नहरू पूरा गर्नुहोस्।

2. तपाईंलाई यस सेवामा कसरी रिफर गरिएको थियो? कृपया एउटा बाकसमा मात्र चिन्ह लगाउनुहोस्

- ☐ म आफैं आएको हुँ
- ☐ मलाई मेरो जीवनसाथी / साझेदारले रिफर गरेको हो
- ☐ यो रिफरल सशस्त्र बलको डिस्चार्ज प्रक्रियाको हिस्सा थियो
- ☐ मेरो GP ले रिफर गर्नुभएको हो
- ☐ मलाई परोपकारले रिफर गरेको हो (कृपया कुन परोपकार हो उल्लेख गर्नुहोस्)

- ☐ अन्य (कृपया उल्लेख गर्नुहोस्)

3. यदि कुनै भएमा, के ले तपाईंको रिफरल प्रक्रियामा राम्रो गर्‍यो?
कृपया हामीलाई यहाँ बताउनुहोस्:

4. यदि कुनै भएमा, तपाईंको रिफरल प्रक्रियामा के सुधार गर्न सकिन्थ्यो?

कृपया हामीलाई यहाँ बताउनुहोस्:

5. मलाई लाग्छ कि मेरो GP लाई कस्ता NHS भेटेरन्स मानसिक स्वास्थ्य सेवाहरू उपलब्ध थिए भनेर पर्याप्त जानकारी थियो

- ☐ सहमत
- ☐ असहमत
- ☐ तटस्थ
- ☐ लागू हुँदैन
- ☐ थाहा छैन

यदि तपाईं आफ्नो जवाफ बारेमा हामीलाई थप बताउन चाहनुहुन्छ भने, कृपया यसप्रकार गर्नुहोस्:

6. यदि तपाईंले सशस्त्र बलबाट अवकाश लिएपछि तपाईंको मानसिक स्वास्थ्य अवस्थाका लागि मद्दतमा ढिलाई गर्नुभएको थियो भने, यसको कारण के थियो? कृपया लागू हुने सबैमा चिन्ह लगाउनुहोस्:

☐ मलाई मद्दत अनुरोध गर्न गाह्रो भयो
☐ कस्ता सहायता सेवाहरू उपलब्ध थिए भन्ने बारेमा म अनभिज्ञ थिएँ
☐ मलाई मद्दत पहुँचमा कठिनाई भएको थियो

कृपया तपाईंले सामना गर्नुभएका कठिनाई बारेमा हामीलाई बताउनुहोस्:

☐ मलाई मानसिक स्वास्थ्य अवस्था थियो भन्ने बारेमा म अनभिज्ञ थिएँ
☐ मेरा मानसिक स्वास्थ्य समस्याहरू मैले सशस्त्र बलबाट अवकाश लिएको केही वर्षपछि सुरु भयो

☐ अन्य - कृपया उल्लेख गर्नुहोस्

यदि तपाईं आफ्ना जवाफहरू बारेमा हामीलाई थप बताउन चाहनुहुन्छ भने, कृपया यसप्रकार गर्नुहोस्:

7. मेरो स्याहार अवधिमा मेरो सशस्त्र बलको अनुभवलाई ध्यानमा राखिएको थियो

- ☐ सहमत
- ☐ असहमत
- ☐ तटस्थ
- ☐ थाहा छैन

यदि तपाईं आफ्नो जवाफ बारेमा हामीलाई थप बताउन चाहनुहुन्छ भने, कृपया यसप्रकार गर्नुहोस्:

8. मलाई मेरो स्याहार बारे निर्णय गर्न सामेल गरिएको महसुस भयो

- ☐ सहमत
- ☐ असहमत
- ☐ तटस्थ
- ☐ थाहा छैन

यदि तपाईं आफ्नो जवाफ बारेमा हामीलाई थप बताउन चाहनुहुन्छ भने, कृपया यसप्रकार गर्नुहोस्:

9. मैले सहायता र उपचारले मलाई वास्तवमै मद्दत गरेको महसुस गर्छु

- ☐ सहमत
- ☐ असहमत
- ☐ तटस्थ
- ☐ थाहा छैन

यदि तपाईं आफ्नो जवाफ बारेमा हामीलाई थप बताउन चाहनुहुन्छ भने, कृपया यसप्रकार गर्नुहोस्:

10. मलाई मेरो स्याहार बारेमा प्रतिक्रिया दिने अवसर दिइएको थियो

- ☐ सहमत
- ☐ असहमत
- ☐ तटस्थ
- ☐ थाहा छैन

यदि तपाईं आफ्नो जवाफ बारेमा हामीलाई थप बताउन चाहनुहुन्छ भने, कृपया यसप्रकार गर्नुहोस्:

11. तपाईंलाई तपाईंको स्याहार अवधिमा तपाईंको परिवार सदस्य, स्याहारकर्ता वा अधिवक्तालाई उपस्थित रहन अवसर प्रदान गरिएको थियो?

☐ थियो
☐ थिएन
☐ थाहा छैन

यदि तपाईंले अवसर प्रदान गरिएको थिएन भन्ने जवाफ दिनुहुन्छ भने, तपाईंले यस विकल्पलाई मन पराउनुभएको थियो?

12. तपाईंले उपचार कार्यक्रम पूरा गर्नुभयो?

☐ गरें
☐ गरिन
☐ म अझैपनि उपचाररत छु
☐ थाहा छैन

यदि तपाईं उपचार पूरा गरिन भन्ने जवाफ दिनुहुन्छ भने, कृपया यसको कारण उल्लेख गर्नुहोस्:

13. यदि कुनै भएमा, तपाईंको स्याहार सम्बन्धी कुन कुरा एकदमै सकारात्मक थियो? कृपया हामीलाई यहाँ बताउनुहोस्:

14. यदि कुनै भएमा, तपाईंको स्याहारमा के सुधार गर्न सकिन्थ्यो?

कृपया हामीलाई यहाँ बताउनुहोस्, र तपाईं चाहनुहुन्छ भने सुधारका लागि कुनै पनि सुझावहरू समावेश गर्नुहोस्:

15. यदि तपाईं आफ्नो NHS मानसिक स्वास्थ्य सेवाहरू बारेमा थप कुराहरू साझा गर्न चाहनुहुन्छ भने, कृपया यहाँ बताउनुहोस्:

कृपया अब यस कागजातको अन्तिममा पृष्ठ 29 र 30 मा जाँच प्रश्नहरू पूरा गर्नुहोस्। तपाईंको समयको लागि धन्यवाद।

## खण्ड 2

यदि तपाईं कुनै भेटेरनलाई चिन्नुहुन्छ र:

- तिनीहरूले आफूलाई मानसिक स्वास्थ्य अवस्था छ भन्ने विश्वास गर्छन् तर उपचार गरेका थिएनन् भने, कृपया तलको **भाग A** मा जानुहोस्
- तिनीहरूले हाल मानसिक स्वास्थ्य सेवाहरू प्रयोग गरिरहेका छन् वा अगष्ट **2010** देखि केही समयका लागि तिनीहरूको प्रयोग गरेका थिए भने, कृपया पृष्ठ 15 मा **भाग B** मा जानुहोस्।

### भाग A

यदि तपाईं कुनै भेटेरनलाई चिन्नुहुन्छ जसलाई तपाईंले मानसिक स्वास्थ्य अवस्था छ तर उपचार गरेको थिएन भने विश्वास गर्नुहुन्छ भने, यसको कारण हामी फेला पार्न चाहन्छौं।

तलका प्रत्येक कथनका लागि, कृपया एउटा बाकसमा मात्र ✓ लगाउनुहोस् र, यदि तपाईं सक्नुहुन्छ भने, यसको कारण दिनुहोस्।

1. मेरो विचारमा, भेटेरनका लागि विशेष रूपमा NHS मानसिक स्वास्थ्य सेवाहरू छन् भन्ने तिनीहरूलाई थाहा थिएन

☐ सहमत
☐ असहमत
☐ तटस्थ
☐ थाहा छैन

यदि तपाईं आफ्नो जवाफ बारेमा हामीलाई थप बताउन चाहनुहुन्छ भने, कृपया यसप्रकार गर्नुहोस्:

2. मेरो विचारमा, तिनीहरूले उपलब्ध सेवाहरू बारेमा पर्याप्त जानकारी फेला पार्न सकेनन्

☐ सहमत
☐ असहमत
☐ तटस्थ
☐ थाहा छैन

यदि तपाईं आफ्नो जवाफ बारेमा हामीलाई थप बताउन चाहनुहुन्छ भने, कृपया यसप्रकार गर्नुहोस्:

3. मेरो विचारमा, तिनीहरूको GP लाई कस्ता सेवाहरू उपलब्ध थिए भन्ने बारेमा पर्याप्त जानकारी थाहा थिएन

- ☐ सहमत
- ☐ असहमत
- ☐ तटस्थ
- ☐ थाहा छैन

यदि तपाईं आफ्नो जवाफ बारेमा हामीलाई थप बताउन चाहनुहुन्छ भने, कृपया यसप्रकार गर्नुहोस्:

4. मेरो विचारमा, तिनीहरूलाई आफ्नो मानसिक स्वास्थ्य अवस्थाका लागि मद्दत अनुरोध गर्न गाह्रो भएको छ

- ☐ सहमत
- ☐ असहमत
- ☐ तटस्थ
- ☐ थाहा छैन

यदि तपाईं आफ्नो जवाफ बारेमा हामीलाई थप बताउन चाहनुहुन्छ भने, कृपया यसप्रकार गर्नुहोस्:

5. मेरो विचारमा, तिनीहरूलाई लाग्दैन कि कसैले पनि तिनीहरूको सशस्त्र बलको अनुभवहरू बुझ्दछन्

- ☐ सहमत
- ☐ असहमत
- ☐ तटस्थ
- ☐ थाहा छैन

यदि तपाईं आफ्नो जवाफ बारेमा हामीलाई थप बताउन चाहनुहुन्छ भने, कृपया यसप्रकार गर्नुहोस्:

6. यदि तपाईंका विचार माथिका कथनहरूमा समेटिएका छैनन्, वा तपाईं अरू नै केही थप्न चाहनुहुन्छ भने, कृपया यहाँ थप्नुहोस्:

कृपया अब यस कागजातको अन्तिममा पृष्ठ 29 र 30 मा जाँच प्रश्नहरू पूरा गर्नुहोस्। तपाईंको समयको लागि धन्यवाद।

## भाग **B**

तपाईं हाल मानसिक स्वास्थ्य सेवाहरू प्रयोग गरिरहेको, वा अगष्ट **2010** देखि केही समय यसको प्रयोग गरेको भेटेरन चिन्ने व्यक्ति हुनाले, हामी तपाईंका विचार सुन्न चाहन्छौं।
यदि तपाईं अगष्ट **2010** अगाडिको भेटेरनहरूको NHS मानसिक स्वास्थ्य सेवाहरू बारे प्रतिक्रिया दिन चाहनुहुन्छ भने, तपाईं पृष्ठ 28 मा खण्ड 3 को टेक्स्ट बाकसमा जान सक्नुहुन्छ।

तलका प्रत्येक प्रश्नका लागि, कृपया एउटा बाकसमा मात्र ✓ लगाउनुहोस् र, यदि तपाईं सक्नुहुन्छ भने, यसको कारण दिनुहोस्।

1. तपाईंले चिन्नुभएको व्यक्तिले हाल कुन प्रकारको मानसिक स्वास्थ्य सेवाहरू प्रयोग गरिरहनुभएको छ वा अगष्ट 2010 देखि प्रयोग गर्नुभएको थियो? कृपया तिनीहरूले धेरै प्रयोग गरेको एउटामा चिन्ह लगाउनुहोस्:

☐ NHS भेटेरन्स मानसिक स्वास्थ्य सेवाहरू (यी सेवाहरू विशेष गरी भेटेरन्सका लागि भएका मानसिक स्वास्थ्य सेवाहरू हुन्)

☐ NHS मेनस्ट्रिम मानसिक स्वास्थ्य सेवाहरू (यी जोकोहीले पनि प्रयोग गर्न सक्ने मानसिक स्वास्थ्य सेवाहरू हुन्, भेटेरन्सका लागि मात्र होइन)

☐ अन्य (उदाहरणका लागि, परोपकारद्वारा उपलब्ध गराइएका सेवाहरू)

☐ थाहा छैन

कृपया तिनीहरूले प्रयोग गरेका वा हालै प्रयोग गरिरहेका सेवाहरू बारेमा विस्तृत विवरणहरू दिनुहोस्:

| |
|---|
| |

यदि तपाईंले 'अन्य' मा चिन्ह लगाउनुभएको छैन भने मात्र, कृपया अब यस खण्डका बाँकी प्रश्नहरूको जवाफ दिनुहोस्।

यदि तपाईंले 'अन्य' मा चिन्ह लगाउनुभएको छ भने तपाईंले यस खण्डका अन्य प्रश्नहरूको जवाफ दिनुपर्दैन। कृपया अब यस प्रश्नावलीको अन्तिममा पृष्ठ 29 र 30 मा जाँच प्रश्नहरू पूरा गर्नुहोस्

2. तपाईंले चिन्नुभएको भेटेरनसँग तपाईंको के सम्बन्ध छ?

☐ साझेदार वा जीवनसाथी
☐ परिवारको सदस्य
☐ स्याहारकर्ता
☐ साथी
☐ अधिवक्ता
☐ अन्य (कृपया उल्लेख गर्नुहोस्)

3. मेरो विचारमा, मैले NHS भेटेरन्स मेन्टल हेल्थ सर्भिसेसमा गरेको तिनीहरूको रिफरलमा महत्त्वपूर्ण भूमिका निभाएको छु

☐ सहमत
☐ असहमत
☐ तटस्थ
☐ थाहा छैन

यदि तपाईं आफ्नो जवाफ बारेमा हामीलाई थप बताउन चाहनुहुन्छ भने, कृपया यसप्रकार गर्नुहोस्:

4. मेरो विचारमा, सही सेवाहरू पहुँचमा तिनीहरूलाई मद्दत गर्न पर्याप्त सहायता र जानकारी उपलब्ध थियो भन्ने मैले महसुस गरेको छु

☐ सहमत
☐ असहमत
☐ तटस्थ
☐ थाहा छैन

कृपया यसको कारण व्याख्या गर्नुहोस्:

5. मेरो विचारमा, तिनीहरूको GP लाई कस्ता सेवाहरू उपलब्ध थिए भन्ने बारेमा पर्याप्त जानकारी थाहा थियो

- ☐ सहमत
- ☐ असहमत
- ☐ तटस्थ
- ☐ थाहा छैन

यदि तपाईं आफ्नो जवाफ बारेमा हामीलाई थप बताउन चाहनुहुन्छ भने, कृपया यसप्रकार गर्नुहोस्:

6. मेरो विचारमा, तिनीहरूलाई आफ्नो मानसिक स्वास्थ्य अवस्थाका लागि मद्दत अनुरोध गर्न गाह्रो भएको छ।

- ☐ सहमत
- ☐ असहमत
- ☐ तटस्थ
- ☐ थाहा छैन

यदि तपाईं आफ्नो जवाफ बारेमा हामीलाई थप बताउन चाहनुहुन्छ भने, कृपया यसप्रकार गर्नुहोस्:

7. तपाईंलाई तिनीहरूको स्याहारमा सामेल हुने अवसर प्रदान गरिएको थियो?

- ☐ थियो
- ☐ थिएन
- ☐ थाहा छैन

यदि तपाईंले अवसर प्रदान गरिएको थिएन भने, तपाईंले यस विकल्पलाई मन पराउनुभएको थियो?

8. तपाईंको विचारमा, यदि कुनै भएमा, तिनीहरूको स्याहारको राम्रो पक्ष के थियो, र किन?
कृपया हामीलाई यहाँ बताउनुहोस्:

9. तपाईंको विचारमा, यदि कुनै भएमा, तिनीहरूको स्याहारमा के सुधार गर्न सकिन्थ्यो, र किन?
कृपया हामीलाई यहाँ बताउनुहोस् र तपाईं चाहनुहुन्छ भने सुधारका लागि कुनै पनि सुझावहरू समावेश गर्नुहोस्:

10. यदि तपाईं आफ्नो NHS मानसिक स्वास्थ्य सेवाहरू बारेमा थप कुराहरू थप्न चाहनुहुन्छ भने, कृपया यहाँ थप्नुहोस्:

कृपया अब यस कागजातको अन्तिममा पृष्ठ 29 र 30 मा जाँच प्रश्नहरू पूरा गर्नुहोस्। तपाईंको समयको लागि धन्यवाद।

## खण्ड **3**

तपाईं यस खण्डमा यसकारण आउनुभएको छ किनकी तपाईं अगष्ट **2010** अगाडिका भेटेरन्सका लागि NHS मानसिक स्वास्थ्य सेवाहरूमा प्रतिक्रिया दिन चाहनुहुन्छ। कृपया यसका लागि तलको टेक्स्ट बाकस प्रयोग गर्नुहोस्।

यदि अगष्ट **2010** अगाडिका मानसिक स्वास्थ्य स्याहरको अनुभवले तपाईंलाई, वा तपाईंले चिन्नुभएको व्यक्तिलाई पछि मद्दत प्राप्त गर्न विमुख बनाएको छ भने, कृपया हामीलाई यस बारेमा बताउनुहोस्।

कृपया अब यस कागजातको अन्तिममा पृष्ठ 29 र 30 मा जाँच प्रश्नहरू पूरा गर्नुहोस्। तपाईंको समयको लागि धन्यवाद।

# समानता जाँच प्रश्नहरू

तपाईंले तलका प्रश्नहरूको जवाफ दिनाले हामीलाई कस्ता प्रकारका व्यक्तिहरूले प्रतिक्रिया दिइरहेका छन् र तिनीहरूले अन्य समूहभन्दा फरक सोच्छन् कि भनी थाहा पाउन हाम्रा लागि फलदायी हुनेछ। यस प्रश्नावलीमा कुनै पनि समूहहरू प्रतिक्रियाहरूमा प्रस्तुत भएका थिएनन् कि भन्ने बारेमा पनि हामी थाहा पाउन चाहन्छौं।

तलका प्रत्येक प्रश्नका लागि, कृपया एउटा बाकसमा मात्र ✓ राख्नुहोस्, वा अनुरोध गरिएको जानकारी प्रदान गर्नुहोस्:

तपाईंको लिङ्ग के हो**?**

☐ पुरूष
☐ महिला
☐ बताउन चाहन्न
☐ अन्य (यदि तपाईं चाहनुहुन्छ भने, कृपया उल्लेख गर्नुहोस्)

तपाईं कति वर्षको हुनुभयो**?**

☐ 16 वर्षभन्दा मुनि
☐ 16-25
☐ 26-40
☐ 41-65
☐ 66-74
☐ 75 वा सोभन्दा माथि
☐ बताउन चाहन्न

तपाईं आफूमा अशक्तता छ भन्ने सोच्नुहुन्छ**?**

**The Equality Act 2010 (**समानता ऐन 2010) ले अशक्ततालाई सामान्य दैनिक क्रियाकलापहरू गर्ने तपाईंको क्षमतामा 'अधिक' र 'दीर्घकालीन' नकारात्मक प्रभाव पार्ने शारीरिक वा मानसिक दुर्बलताको रूपमा परिभाषित गर्छ

☐ सोच्छु
☐ सोच्दिन
☐ बताउन चाहन्न

तलको कुन विकल्पले तपाईंको लैंगिक झुकावलाई वर्णन गर्छ**? (**तपाईं **16** वर्ष वा सोभन्दा माथि उमेरको हुनुहुन्छ भने मात्र यस प्रश्नको जवाफ दिनुहोस्**)**

☐ विपरीत लिंगी
☐ समलिंगी
☐ लेस्बियन
☐ उभयलिंगी
☐ अन्य
☐ बताउन चाहन्न

तपाईंको जातिय समूह कुन हो**?**

गोरा

☐ ब्रिटिश/वेल्स / अंग्रेजी / स्कटिश / उत्तरी आइरिस / आइरिस
☐ गिस्पी वा आइरिस यात्री
☐ अन्य कुनै गोरा पृष्ठभूमि (कृपया उल्लेख गर्नुहोस्) ☐

मिश्रित

- ☐ गोरा र काला क्यारेबियन
- ☐ गोरा र काला अफ्रिकी
- ☐ गोरा र एशियाली
- ☐ अन्य कुनै मिश्रित पृष्ठभूमि (कृपया उल्लेख गर्नुहोस्) ________

एशियन वा एशियन ब्रिटिश

- ☐ भारतीय
- ☐ पाकिस्तानी
- ☐ बंगलादेशी
- ☐ चिनियाँ
- ☐ अन्य कुनै एशियाली पृष्ठभूमि (कृपया उल्लेख गर्नुहोस्) ________

काला वा काला ब्रिटिश

- ☐ क्यारेबियन
- ☐ अफ्रिकी
- ☐ अन्य कुनै काला पृष्ठभूमि (कृपया उल्लेख गर्नुहोस्) ________

अन्य जातिय समूह

- ☐ अरब
- ☐ अन्य (कृपया उल्लेख गर्नुहोस्) ________

- ☐ बताउन चाहन्न

तपाईंको धर्म वा आस्था के हो**?**

- ☐ कुनै पनि होइन
- ☐ इसाई
- ☐ बौद्ध
- ☐ हिन्दू
- ☐ यहुदी
- ☐ इस्लाम
- ☐ शिख
- ☐ अन्य कुनै धर्म (कृपया उल्लेख गर्नुहोस्) ________
- ☐ बताउन चाहन्न

तपाईंको समयको लागि धन्यवाद।

## कृपया तपाईंले सकाउनुभएका प्रश्नावलीका खण्डहरूलाई हामी समक्ष फिर्ता पठाउनुहोस्।

## कृपया हाम्रो ठेगाना **Freepost VETERANS' MENTAL HEALTH** लाई खामको अगाडि भागमा लेख्नुहोस् र नि:शुल्क पत्राचार गर्नुहोस्।

# शब्दावली र संक्षिप्त रूप

| | |
|---|---|
| **CCGs** | चिकित्सा प्रवर्तन समूहहरू। यी चिकित्सकीय रूपमा नेतृत्वका संगठनहरू हुन् जुन तिनीहरूको स्थानीय क्षेत्रमा स्वास्थ्य स्याहार सेवाहरूको योजना तथा खरिदका लागि उत्तरदायी हुन्छन्। |
| प्रवर्तन | सेवाहरूको योजना, खरिद र डेलिभरी। |
| **NEL CSU** | NEL प्रवर्तन सहायता यूनिट। |
| **NHS** | राष्ट्रिय स्वास्थ्य सेवा (National Health Service)। |
| **NHS England** | NHS लाई बेलायतमा नेतृत्व गर्ने संगठन। यो NHS का प्राथमिकताहरू र दिशा निर्देशन तय गर्नका लागि उत्तरदायी छ। |
| **PTSD** | पोस्ट ट्रमाटिक स्ट्रेस डिसअर्डर। |
| रिफरल | यसको अर्थ व्यक्तिलाई परामर्श, समीक्षा, वा थप उपचारका लागि विशेषज्ञ चिकित्सक कहाँ पठाउनु हो। |
| भेटेरन | सशस्त्र बल प्रतिज्ञापत्रले भेटेरनलाई कम्तीमा एक दिनको लागि ब्रिटिश सशस्त्र बलमा सेवा सदस्यको रूपमा सेवा गरेको जोकोही व्यक्तिको रूपमा परिभाषित गर्छ। यसले नियमित बल र रिजर्भ बल दुबैलाई समावेश गर्छ। |

## तपाईंलाई मद्दत चाहिन्छ?

यदि तपाईं भेटेरन हुनुहुन्छ र तपाईंले मानसिक स्वास्थ्य कठिनाईहरूको अनुभव गरिरहनुभएको छ भने, कृपया तपाईंले कहाँ मद्दत तथा सहायता फेला पार्न सक्नुहुन्छ भन्ने बारेको तलको प्रयोग जानकारी प्रयोग गर्नुहोस्:

| नर्थ | |
|---|---|
| मिलिटरी भेटेरन्स सर्भिस **(Cheshire and Merseyside** (चेसाइर र मर्सीसाइड), लिभरपुल* बाहेक) | www.gmw.nhs.uk/military-veterans-services<br>टेलिफोन: 0151 908 0019 |
| मिलिटरी भेटेरन्स सर्भिस (ग्रेटर म्यानचेस्टर र ल्यान्कासाइर) | www.penninecare.nhs.uk/your-services/military-veterans-service<br>टेलिफोन: 0300 323 0707 |
| भेटेरन्स आउटरिच सर्भिस (योर्कसाइर र हम्बर) | www.humber.nhs.uk/services/veterans-outreach-service<br>टेलिफोन: 01482 617594 |
| भेटेरन्स वेलविइङ एसेसमेन्ट एण्ड लायसन सर्भिस (नर्थ इस्ट) **(Veterans' Wellbeing Assessment and Liaison Service (North East))** | www.ntw.nhs.uk/vwals<br>टेलिफोन: 0191 441 5974 |
| मिडल्याण्ड | |
| भेटेरन्स फर्स्ट **(Essex)** | www.nevmhn.org.uk/veterans-first-service<br>टेलिफोन: 01206 228759 |
| भेटेरन्स मेन्टल हेल्थ सर्भिसेस (इस्ट मिडल्याण्ड्स) | www.lpft.nhs.uk/our-services/adult-services/veterans-mental-health-services<br>टेलिफोन: 01952 822 753 |
| वेस्ट मिडल्याण्ड्स मिलिटरी भेटेरन्स हब | http://veterans.sssft.nhs.uk<br>टेलिफोन: 01785 258041<br>अतिरिक्त नम्बर: 0800 500 3113 |
| साउथ | |
| लण्डन भेटेरन्स सर्भिस | http://londonveterans.nhs.uk<br>टेलिफोन: 020 3317 6818 |
| साउथ सेन्ट्रल भेटेरन्स मेन्टल हेल्थ सर्भिस | www.berkshirehealthcare.nhs.uk/scvs<br>टेलिफोन: 0118 929 6426 |
| साउथ वेस्ट भेटेरन्स मेन्टल हेल्थ सर्भिस | www.swveterans.org.uk<br>टेलिफोन: 0300 555 0112 |
| सर्रे इङगेजमेन्ट: रिजर्भिस्ट एण्ड भेटेरन्स इमोशनल सपोर्ट **(Surrey Engagement: Reservists and Veterans Emotional Support (SERVES))** | www.firststeps-surrey.nhs.uk/serves<br>टेलिफोन: 0808 801 0325 |
| ससेक्स सशस्त्र बल नेटवर्क **(Sussex Armed Forces Network)** | www.sussexarmedforcesnetwork.nhs.uk<br>टेलिफोन: 01903 843941 |

*लिभरपुलका मिलिटरी भेटेरन्सले मर्सी केयर NHS ट्रस्ट (Mersey Care NHS Trust) द्वारा उपलब्ध गराइएको Talk Liverpool Service प्रयोग गर्नुपर्छ: www.talkliverpool.nhs.uk टेलिफोन: 0151 228 2300